NRN Infrastructure & Development Ltd.

Ref No: NRNIDL/81/82/102

मिति : २०८१/०८/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषय : **बाह्रौं वार्षिक साधारणसभा र शेयरधनी दर्ता किताब बन्द हुने मिति, लाभांश घोषणा, हकप्रद शेयर निष्काशन र सञ्चालकहरुको निर्वाचनको जानकारीका सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस एन.आर.एन. इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०८/११ गते मङ्गलबार दिउँसो ३:०० बजे बसेको १३८ औं बैठकबाट तपसिल बमोजिमका निर्णयहरु भएको व्यहोरा धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२ को (१) तथा धितोपत्र सुचिकरण सम्झौता बमोजिम तहाँ नेपाल स्टक एक्सचेन्ज लि.को जानकारीका लागि यो निवेदन गरेको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

१. यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभा मिति २०८१ साल पौष १२ गते (तदनुसार, २७ डिसेम्बर, २०२४) शुक्रबारका दिन विहान ०९:०० बजे आम्रपाली व्यान्क्वेट, थिरबम सडक, काठमाण्डौंमा बोलाउने र नियमानुसार सभा हुने ठाँउ, मिति, समय र छलफल गरिने विषयहरु खोली शेयरधनीहरुलाई सूचना गर्ने ।

२. यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०८/२१ गते एक दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०८/२० गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन, लाभांश प्राप्त गर्न तथा निर्वाचन प्रकृयामा भाग लिन योग्य हुने गरी धितोपत्र दाखेल खारेज बन्द (Book Close) हुने मिति निर्धारण गर्ने ।

३. यस कम्पनीको साधारण सभा प्रयोजनका लागि शेयर दाखिल खारेज बन्द (Book Close) भएको अघिल्लो दिन सम्म कायम शेयरधनिहरुलाई आ.व. २०८०/०८१ सम्मको संचित मुनाफा मध्येबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,२२,३२,११,७००।- (एक अर्व बाईस करोड बत्तिस लाख एघार हजार सात सय) को ५ (पाँच) प्रतिशतका दरले रु. ६,११,६०,५८५ (छ करोड एघारलाख साठी हजार पाँच सय पचासी) रकम बराबरको बोनस शेयर र ०.२६३२ (शुन्य दसमलव दुई छ तिन दुई) प्रतिशतका दरले रु ३२,१८,९७८.१६ (बत्तिस लाख अठार हजार नौसय अठहत्तर रुपैया सोह्र पैसा) (कर प्रयोजनका लागी) नगद लाभांश वितरण गर्न सिफारिस सहित आगामी वार्षिक साधारणसभा समक्ष प्रस्ताव पेश गर्ने ।

४. यस कम्पनीको आ.व. २०८०/०८१ को प्रस्तावित बोनस शेयर वितरण पश्चात: कायम हुन आउने चुक्ता पुँजीको एक बराबर एक कित्ता (शत प्रतिशत) हकप्रद शेयर (नियामकिय निकायको स्वीकृति पश्चात) निष्काशन गर्नको लागी सिफारिस सहित आगामी वार्षिक साधारणसभा समक्ष प्रस्ताव पेश गर्ने ।

५. तोकिएको दाखिल खारेज बन्दहुने मितिमा कायमहुने यस कम्पनीको शेयरधनी मध्येवाट आगामी संचालक समितिमा प्रतिनिधित्व गर्ने गरी एक जना महिला सदस्य सहित कुल छ जना सञ्चालक सदस्यहरुको निर्वाचन गर्ने ।

**भवदिय,**

..........................
कपिन्द्र मल्ल
(कम्पनी सचिव)

**वोद्यार्थ**

१. सिडिएस एण्ड क्लियरिङ्ग लि., शेयर मार्केट कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाण्डौ ।
२. नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि., ठमेल, काठमाण्डौ ।

Kamaladi Complex, 1st Floor, Kamaladi, Kathmandu Email: nrn@nrnil.com Website: www.nrnil.com Phone: 977-01-4592939